# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बेथरी रुपन्देही

लुम्बिनी प्रदेश,नेपाल

पत्र संख्या:-०८२/०८३
चलानी नम्बर:- ८६१

## माटो परीक्षण तथा माटो सुधार कार्यक्रम सम्बन्धी सूचना

मिति:२०८३/०१/२८

यस मायादेवी गाउँपालिका, रुपन्देहीको आर्थिक वर्ष ०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम **माटो परीक्षण तथा माटो सुधार कार्यक्रम** अन्तर्गत २०० जना कृषकहरुलाई माटोको नमुना संकलन गर्ने तरिका सिकाई निज कृषकहरुबाट प्राप्त हुने २०० वटा माटोको नमुनाहरुको मुख्य खाद्यतत्व, प्राङ्गारिक पदार्थ, अम्लीयपना तथा माटोको बनावट सम्बन्धी परीक्षण गराएर नतिजा उपलब्ध गराउने कार्यक्रम रहेकोले यो सुचना प्रकाशन भएको मितिले ३ दिन भित्र ईच्छुक कृषकहरुले आफ्नो सम्वन्धित वडा कार्यालय अथवा कृषि विकास शाखामा आफ्नो नाम टिपाउनुहुन अनुरोध गर्दछौं ।साथै कृषकहरुलाई सहज हुनेगरी वडा स्तरमै माटोको नमुना संकलन सम्बन्धि सानो तलिम कार्यक्रम उपलब्ध गराईने र यस कार्यक्रम अन्तर्गत खाजा-नास्ता तथा माटो परीक्षण खर्च बाहेकको अन्य खर्चहरुको जिम्मा कृषक स्वयम्ले लिनु पर्ने जानकारी गराउँन चाहन्छौं ।

शशी ढुङ्गाना
कृषि अर्थ विज्ञ
**कृषि अर्थ विज्ञ**